नेपाल सरकार

उद्योग , वाणिज्य तथा आपूर्ति मन्त्रालय

# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति

मध्यपूर्वमा भएको संकटको कारणले नेपालमा समेत वृद्धि भएको ईन्धनको मूल्य हाल सामान्य अवस्थामा आएकोले नेपाल आयल निगमले मिति २०८३ असार १६ गते मंगलबार देखि लागू हुने गरी उल्लेख्य रुपमा ईन्धनको मूल्य घटाएको सन्दर्भमा आम सर्वसाधारणको जनजीवनलाई सहज बनाउन अत्यावश्यक खाद्य पदार्थ लगायतका सबै वस्तु तथा सेवा सुपथ मूल्यमा उपलब्ध गराउन सम्बन्धित सबै विक्रेताहरुलाई अनुरोध गरिन्छ।

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३ बमोजिम उपभोक्ताको अधिकार संरक्षणका लागि सबै सरोकारवालाहरुको जिम्मेवारी रहेकोले सबै विक्रेता, ढुवानीकर्ता, उपभोक्ताको हकहितसँग सम्बन्धित संस्था, उद्योगी व्यवसायीसँग सम्बन्धित सबै छाता संस्था तथा वस्तुगत संगठनहरु लगायत आम उपभोक्ता समेत यस विषय प्रति सचेत, जागरुक र जिम्मेदार भई दिन वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग सबैमा हार्दिक अनुरोध गर्दछ।

मितिः २०८३।०३।१९